# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །སོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

१ नं. प्रदेश, नेपाल

---

### सेवा करारमा पदपूर्ती गर्ने सम्बन्धी सूचना !!

(प्रकाशित मितिः २०७७।११।१३)

सोलुदुधकुण्ड नगरपालिकाको रिक्त रहेको देहायको पद, सङ्ख्या र योग्यता भएको कर्मचारी सेवा करारमा लिई पदपूर्ती गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र ) दिन भित्र कार्यालय समयमा तोकिएको राजस्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । म्याद नाघी आएको र रित नपुगेको निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ । दरखास्त फारम यस नगरपालिकाको वेभसाईट www.solududhkundamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

| विज्ञापन नं. | पद | आवश्यक संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|
| २०७७/०७८-०४ | कृषि प्राविधिक (PJTA) ना.प्रा.स. | ३ (तीन) | रु.६००।- | |
| २०७७/०७८-०५ | पशु प्राविधिक (VJTA) ना.प.से.प्रा. | २ (दुई) | रु.६००।- | |
| २०७७/०७८-०६ | कार्यालय सहयोगी | २ (दुई) | रु.५००।- | |

१.न्यूनतम योग्यताः

- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- दरखास्त दिने अन्तिम मितिसम्म पुरुषको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
- भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।

क) कृषि प्राविधिकका लागि आवश्यक न्यूनतम योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषय लिई TSLC उत्तीर्ण गरेको ।

ख) पशु प्राविधिकका लागि आवश्यक न्यूनतम योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट भेटेनरी विषय लिई TSLC उत्तीर्ण गरेको ।

ग) कार्यालय सहयोगीको लागि आवश्यक न्यूनतम योग्यताः एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने र अन्तर्वार्ताबाट छनौट गरिने साथै स्थानीयलाई प्राथमिकता दिईनेछ ।

२. दरखास्त दिने अन्तिम मितिः २०७७ फाल्गुन २७ गते र सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्टसम्म ।

३. काम गर्नुपर्ने स्थानःसोलुदुधकुण्ड नगरपालिका ।

४. सम्पर्क मितिःदरखास्त दिने अन्तिम दिनको भोलिपल्ट ।

५. परीक्षाको किसिमःलिखित र अन्तर्वार्ता ।

६. परीक्षा मितिःसम्पर्क मितिमा तोकिनेछ ।

७. काम गर्नुपर्ने अवधीः २०७७ असार मसान्तसम्म ।

८. सेवा शर्तहरु तथा तलव सुविधाः स्थानीय तहको सहायकस्तर चौथो वा सो सरहको कर्मचारीले नियमानुसार पाउँने तलव स्केल र सेवा सुविधा वमोजिम हुने साथै कार्यालय सहयोगी पदको सेवा सुविधा र तलव स्केल नगरपालिकाको प्रचलित नियमानुसार हुने ।

९. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी,नेपाली नागरिकताको प्रतिलिपी, कार्य अनुभवको प्रमाणपत्र र अन्य आवश्यक कागजातहरु ।

प्रमुख प्रशासकीय अधिकृत

लाल वाबु कवारी

प्रमुख प्रशासकीय अधिकृत

Phone No-038520264, Fax No- 038520248 Website :- www.solududhkundamun.gov.np
Email :- solududhkundamun@gmail.com